संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ ३ गते मंगलबार

प्रतिनिधि सभाको एघारौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७९ साल जेठ ३ गते मंगलबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

मिति :- २०७९ वैशाख २५ (विद्यादेवी भण्डारी)

तदुपरान्त ने.क.पा. (एमाले) का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री प्रदिप कुमार ज्ञवालीलाई बोल्न समय दिनुहुँदा उहाँलेले सम्पूर्ण मा० सदस्यहरुलाई बजेट अधिवेशनमा स्वागत गर्नुहुँदै गत भदौ २३ गतेदेखि सभामा फरक दलबीच विभिन्न विषयमा गरिएको फरक व्यवहारको सम्बन्धमा ने.क.पा. (एमाले)ले निरन्तर रुपमा आवाज उठाइरहेको, अदालतबाट समेत उक्त विषयमा समयमा फैसला नआईरहेको बेलामा दल विभाजनलाई हालै सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत् जनताले फैसला गरेको, दल विभाजन गर्न अध्यादेश ल्याउने निकाय एवं सभामुख तथा अन्य निकाय समेत सहयोगी बन्ने कार्य गलत हो भन्ने ने.क.पा. (एमाले) को अडान यथावत रहेको तर स्थानीय तह निर्वाचन पछि मुलुक नयाँ दिशातर्फ अगाडि बढीसकेको हुँदा ने.क.पा. (एमाले) ले जारी विरोधलाई फरक ढंगले अगाडि बढाउने निर्णय गरेको जानकारी गराउनु भयो । साथै उहाँले मुलुकको अर्थतन्त्र संकटमा रहेको, अर्थतन्त्रका सबै सूचकमा रातो बत्ती बलेको तर सरकारले त्यसतर्फ ध्यान नदिएको, सरकारले स्वायत्त संस्थाहरुमाथि अनावश्यक हस्तक्षेप गरेको, स्थानीय तह निर्वाचनलाई सार्न खोजेको एवं निर्वाचनमा विभिन्न किसिमले प्रभाव पार्न खोजेको, आचारसंहिताको उल्लंघन भएको, प्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीबाट कुटनैतिक सम्बन्ध सन्तुलित रुपमा राख्न नसकेको लगायतका विषयहरुमा सदनमा छलफल होस् र ने.क.पा. (एमाले)ले सशक्त रुपमा यी विषयहरुमा सदनमा आवाज उठाउनु पर्दछ भनी विरोधको शैली परिवर्तन गरेको समेत जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले सभाको एघारौं अधिवेशनमा सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुहुँदै आवधिक निर्वाचन लोकतन्त्रको सुन्दरतम अभ्यास र आधार हो । हालै सम्पन्न स्थानीय तह निर्वाचनमा यहाँहरुको सक्रिय सहभागीताले लोकतन्त्रलाई थप मजबुत एवं संस्थागत रुपमा प्रवर्द्धन गर्न योगदान पुगेको छ  भन्नुहुँदै राज्य सञ्चालनका लागि महत्वपूर्ण हुने यस बजेट अधिवेशनमा यहाँहरुको सक्रिय सहभागिताले सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण एवं विनियोजन लगायतमा महत्वपूर्ण भूमिका रहने अपेक्षा सहित पुनः एघारौं अधिवेशनमा हार्दिक स्वागत गर्नुभयो ।

त्यसपछि सभाले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारण गर्‍यो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा श्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई मन्त्री पदमा नियुक्त गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्ने गरी र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्दै आउनुभएका माननीय मन्त्री श्री दिलेन्द्रप्रसाद बडूलाई हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्ने गरी नियुक्ति एवं कार्यभार तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मिति :- २०७८/१२/२४ (डा. तोयनारायण ज्ञवाली)

सचिव

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि देहाय बमोजिम मा० सदस्यहरुको नाम मनोनयन गर्नुभयो ।

(१) मा० श्री अमृता देवी अग्रहरी
(२) मा० श्री एकवाल मियाँ
(३) मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
(४) मा० श्री मानबहादुर विश्वकर्मा
(५) मा० श्री राधा कुमारी ज्ञवाली
(६) मा० श्री लालबाबु पण्डित
(७) मा० श्री सत्य पहाडी

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८", "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८" र "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८" पेश गर्नुभयो ।

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरोध खतिवडाले "औषधी (तेस्रो संशोधन) अध्यादेश, २०७९" र "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९" पेश गर्नुभयो ।

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले "रेल्वे अध्यादेश, २०७८" पेश गर्नुभयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" र "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" पेश गर्नुभयो ।

तदुपरान्त मा० श्री पुष्पा भुसाल (गौतम)ले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २५० को उपनियम (१) बमोजिम उक्त नियमावलीको नियम १४२ को उपनियम (४) लाई तत्कालको लागि निलम्वन गरियोस् भनी निम्नलिखित नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

नियम निलम्बनको प्रस्ताव

"नेपालको संविधानको धारा ११९ को उपधारा (३) मा राजश्व र व्ययको वार्षिक अनुमान प्रत्येक वर्ष जेठ महिनाको पन्ध्र गते संघीय संसदमा पेश गर्नुपर्ने प्रावधान रहेको, साथै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४२ को उपनियम (४) मा सभाको बैठकमा राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल समाप्त भैसक्नु पर्ने व्यवस्था रहेकामा २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा सभाका माननीय सदस्यहरु मतदान एवं निर्वाचन सम्बन्धी अन्य कार्यको लागि जिल्लामै रहनु पर्ने भएकोले उक्त छलफल १५ दिन अगावै गर्न बाधा उत्पन्न भएकोले चालु आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता माथिको छलफलको लागि उक्त नियम निलम्बन गर्न आवश्यक भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ नियम १४२ को उपनियम (४) तत्कालको लागि सोही नियमावलीको नियम २५० बमोजिम निलम्बन गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।"

तत्पश्चात मा० श्री देवप्रसाद गुरुङ र मा० श्री जीवनराम श्रेष्ठले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थमन्त्री श्री जनार्दन शर्माले "आ.व. २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल २०७९ साल जेठ ४ र ५ गते हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्य मोहन बानियांको सम्बन्धमा फौजदारी अभियोगमा अनुसन्धान भइरहेको भन्ने व्यहोराको मिति २०७८ फागुन १८ गतेको जिल्ला प्रहरी कार्यालय, नेपालगञ्ज, बाँकेको पत्रानुसार मिति २०७८ फागुन २२ गतेको प्रतिनिधि सभाको बैठकमा नेपालको संविधानको धारा १०३ को उपधारा (६) को प्रतिबन्धात्मक वाक्यांश एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४ को उपनियम (३) को प्रयोजनको लागि सोही नियमको उपनियम (१) बमोजिम सदनलाई जानकारी गराइएकोमा मिति २०७८ चैत ७ गते प्रतिनिधि सभा सदस्य मोहन बानियांले जिल्ला अदालत बाँकेको मिति २०७८ चैत २ गतेको "प्रतिवादीलाई हाल थुनामा राखी पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी मोहन बानियांबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७८ बमोजिम रु पाँच लाख नगद धरौटी वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राख्नु, धरौटी वा जेथा जमानत दिन नसकेमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ८० बमोजिम गर्नु भन्ने समेत आदेश पर्चा" संलग्न गरी निवेदन दिनुभएको व्यहोरा सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य विष्णुराज आचार्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालको संसदीय निर्वाचनमा कपिलवस्तु जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सदस्य एवं हरेक लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय एवं नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका विष्णुराज आचार्यको ७४ वर्षको उमेरमा मिति २०७९ साल वैशाख १० गते शनिबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत विष्णुराज आचार्यको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७९ साल जेठ ४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव